# शैक्षिक विकास र सामुदायिक पहु“चको अवस्था

(मकवानपुर जिल्ला, हा“डीखोला गा.वि.स. का चेपाङहरूको
एक समाजशास्त्रीय अध्ययन)

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत
समाजशास्त्र तथा मानवशास्त्र विभाग, मकवानपुर बहुमुखी क्याम्पसमा
समाजशास्त्र विषयमा स्नातकोत्तर तहको आंशिक आवश्यकता
परिपूर्तिको लागि तयार पारिएको

## शोधपत्र

प्रस्तुतकर्ता
वसन्तकुमार सिटौला
परीक्षा रोल नं. : २४२००७
त्रि.वि. रजिस्ट्रेशन नं. : ९-२-२४३-४८-९९

जुलाई, २०१२

त्रिभुवन विश्व विद्यालयबाट सम्बन्धन प्राप्त
# मकवानपुर बहुमुखी क्याम्पस
हेटौडा, मकवानपुर

**समाजशास्त्र/मानवशास्त्र विभाग**

मिति :- ५, जुलाई, २०१२

## सिफारिस पत्र

त्रिभुवन विश्व विद्यालय अर्न्तगत मकवानपुर बहुमुखी क्याम्पसबाट मानविकी तथा समाजशास्त्र सङ्काय अर्न्तगत समाजशास्त्र विषयमा स्नात्तकोतर तहको आंशिक आवश्यकता पूर्तिको लागि मेरो निरीक्षण र सुपरिवेक्षणमा वसन्तकुमार सिटौलाले हाँडीखोला गा.वि.स.का चेपाङहरूमा आधारित भएर **"शैक्षिक विकास र सामुदायिक पहुँचको अवस्था" : "मकवानपुर जिल्ला, हा"डीखोला गा.वि.स. का चेपाङहरूको एक समाजशास्त्रीय अध्ययन"** विषयमा शोधपत्र तयार पार्नु भएको हो । प्रस्तुत शोध पत्रलाई आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

... ... ... ... ... ... ...
**वीरेन्द्रप्रसाद शाह**
**शोध सुपरिवेक्षक**
**समाजशास्त्र तथा मानवशास्त्र विभाग**
**मकवानपुर बहुमुखी क्याम्पस**
**हेटौडा , मकवानपुर**

त्रिभुवन विश्व विद्यालयबाट सम्बन्धन प्राप्त

# मकवानपुर बहुमुखी क्याम्पस

हेटौडा, मकवानपुर

**समाजशास्त्र/मानवशास्त्र विभाग**

## स्वीकृति पत्र

यस क्याम्पसका छात्र श्री वसन्तकुमार सिटौलाद्वारा प्रस्तुत "**शैक्षिक विकास र सामुदायिक पहुँचको अवस्था" : "मकवानपुर जिल्ला, हा"डीखोला गा.वि.स. का चेपाङहरूको एक समाजशास्त्रीय अध्ययन"** अर्न्तगत समाजशास्त्र विषयमा स्नात्तकोतर तहको आवश्यकता परिपूर्तिको लागि तयार पार्नु भएको शोधलाई स्वीकृति प्रदान गरियो ।

## शोधपत्र मूल्याङ्कन समिति

१. वीरेन्द्र प्रसाद शाह

...........................

.......................

(आन्तरिक शोध सुपरिवेक्षक)

२. राम पण्डित खनाल

...........................

.......................

(बाह्य शोध सुपरिवेक्षक)

३. वीरेन्द्रप्रसाद शाह

............................

.......................

(विभागीय प्रमुख)

**मिति :- ८ अगस्ट, २०१२**

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त

# मकवानपुर बहुमुखी क्याम्पस

हेटौँडा, मकवानपुर

## भाषा सम्पादन पत्र

मकवानपुर बहुमुखी क्याम्पस, हेटौँडाका छात्र वसन्तकुमार सिटौलाले हाँडीखोला गा.वि.स.का चेपाङहरूमा आधारित भएर **“शैक्षिक विकास र सामुदायिक पहुँचको अवस्था” : “मकवानपुर जिल्ला, हा“डीखोला गा.वि.स. का चेपाङहरूको एक समाजशास्त्रीय अध्ययन”** विषयमा तयार गर्नुभएको शोधपत्रको भाषा सम्पादन गरेको प्रमाणित गर्दछु ।

मैले यस शोधपत्रको भाषा, शुद्धाशुद्धि तथा व्याकरणात्मक पक्षहरूलाई सम्पादन गरेको छु । साथै यसका लागि समाजशास्त्र/मानवशास्त्र विभागले उपलब्ध गराएको अवसरको लागि धन्यवाद व्यक्त गर्दछु र वसन्तकुमार सिटौलाको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

.....................................................

खिलप्रसाद बराल

सहायक प्राध्यापक, नेपाली विभाग

मकवानपुर बहुमुखी क्याम्पस

मिति : ८ अगष्ट, २०१२

# कृतज्ञता

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय मानवशास्त्र तथा सामाजशास्त्र विभाग, मकवानपुर बहुमुखी क्याम्पस अर्न्तगत सामाजशास्त्र विषयमा स्नातकोत्तर उपाधिको लागि प्रस्तुत गर्नु पर्ने अनिवार्य प्रावधान अनुरूप यो शोधपत्र तयार गरिएको हो ।

चेपाङ जाति नेपालको विभिन्न जिल्लाहरूमा छरिएर विभिन्न ठाउँमा शताब्दीऔँदेखि आदिबासीका रूपमा बसोवास गर्दै आएको पुरानो जाति भए पनि यिनीहरू पिछडिएका, अशिक्षित एवं अविकसित अवस्थामा रहेका मात्र होइन २१ औं शताब्दीसम्म आईपुग्दा पनि यी जातिको धर्म संस्कृति, रीतिरिवाज, भाषा, रहनसहन, भेषभूषा, मुख्य पेसा र शैक्षिक अवस्थाको बारेमा हालसम्म पनि पर्याप्त रूपमा अध्ययन अनुन्धान भएको नपाइएको तथा यी लोपोन्मुख जातिको रूपमा रहेकाले पनि अध्ययनको केन्द्रबिन्दु बनाई यो जातिको धर्म, संस्कृति, जनसाङ्ख्यिक, रीतिरिवाज, चालचलन, रहनसहन, भेषभूषा सामाजिक परिवर्तन, आर्थिक अवस्था, राजनैतिक सहभागिता र शैक्षिक अवस्था आदिको लागि अमूल्य योगदान पुऱ्याउने हेतुले यो शोधपत्र मैले तयार गरेको छु । यो शोधपत्र तयार गर्न त्रिभुवन विश्वबिद्यालय, मानविकी तथा समाजशास्त्र सङ्काय अन्तर्गत मकवानपुर बहुमुखी क्याम्पसका समाजशास्त्र/मानवशास्त्र विभागका विभागीय प्रमुख आदरणीय गुरू वीरेन्द्रप्रसाद शाहप्रति विशेष आभारी छु । त्यसरी नै मेरो शोध कार्यमा अमूल्य समय, सुझाव, रेखदेख तथा निरीक्षण गरी सहयोग गर्नुहुने आत्मीय भाइ विवेक बर्तौला, भाषा सम्पादक साहित्यकार तथा प्राध्यापक निमेष निखिल (खिलप्रसाद बराल), साथी देवकी उप्रेती, विदुर पाठक, कम्प्युटर टाइपिङ गर्ने घनश्याम भण्डारी तथा प्रिन्टिङ्ग कार्यमा सहयोग गर्नु हुने मातृभूमि प्रिन्टिङ्ग सर्भिस प्रति हृदयदेखिनै कृतज्ञ छु । यसरी नै मेरौ शोधपत्र तयार गर्नको लागि सहयोग गर्नुहुने मकवानपुर जि.वि.स. परिवार तथा हाँडीखोला गा.वि.स र मकवानपुर चेपाङ सङ्घ परिवार तथा चेपाङ समुदायका सम्पूर्ण दाजुभाइ, दिदी बहिनीहरूप्रति आभार व्यक्त गर्दछु भने यस कार्यमा सहयोग गर्ने अन्य सम्पूर्ण व्यक्तिहरूप्रति पनि धन्यवाद व्यक्त गर्न चाहन्छु ।

**शोधार्थी**
**वसन्तकुमार सिटौला**

*जुलाई, २०१२*

# अध्ययनको सारसंक्षेप

मकवानपुर जिल्ला लगायत धादिङ, चितवन, गोर्खामा विशेष बसोवास भएको ६१ जनजाति भित्र पर्ने सिमान्तकृत चेपाङ्ग एक जाति हो । नेपालमा रहेको ११८ जातिहरु मध्ये पिछडीएको जाति चेपाङ्ग पनि भएकोले समाजशास्त्री विषयमा स्नाकोत्तर तहको आंशिक आवश्यकता परिपुर्तिको लागि मकवानपुर जिल्ला हाँडिखोला गा.वि.स.मा बसोवास गर्ने चेपाङ्ग संग आधारित भएर मैले सोध पत्र तयार गरेको छु । सोध पत्र तयार गर्नुको प्रमुख उद्देश्य विपन्न, गरिव, सिमान्तकृत जाति चेपाङ्गहरुको शैक्षिक विकास र सामुदायिक पहुँचको अवस्था विषयका साथै शैक्षिक विषय संग सम्बन्ध राख्ने सामाजिक, आर्थिक, धार्मिक, साँस्कृतिक, जनसाँख्यिक लगायत विविध पक्षहरुको बारेमा पूर्णरुपमा जानकारी लिई उनीहरुको उत्पति, अवस्था, स्तर, हैसियत, र समस्याहरुको उजागर सरोकारवालाहरुमा गरी शशक्तीकरण, हक, हित र संरक्षण, उत्थान, विकासमा ध्यान आकृष्ट गर्नको लागि महत्वपूर्ण दस्तावेज, प्रतिवेदन तथा माध्यम बनोस् भन्ने आशयका साथ सोधपत्र तयार गरेको हो । चेपाङ्ग पनि यहि समाजको एक अङ्ग हो । मकवानपुरका करिव १५ वटा गाउँ विकास समितिहरु मध्ये हाँडिखोला गा.वि.स.मा चेपाङ्गहरुको उल्लेखनीय बसोवास रहेको छ । चेपाङ्गहरुको समाजसंगको सम्बन्ध र पहुँच तथा शैक्षिक विकास र सामुदायिक पहुँचको अवस्था विषयक अध्ययन,विश्लेषण गर्ने क्रममा धेरै पक्षहरुको बारेमा प्रष्ट पार्ने जमर्को गरेको छु । विवरणात्मक, व्याख्यात्मक, विश्लेषणात्मक, अनुसन्धान ढाँचा र प्राथमिक र द्वितीय तथ्याङ्क विधिको प्रयोग गरिएको छ । समाज दुई वा दुई भन्दा बढि परिवारहरुको जमात हो । दुई वा दुई भन्दा बढि परिवारको समूह भिन्न जात, छुट्टै संस्कार प्रकृति, परम्परा मुल्य मान्यता भाषा, रुची, चाहना, धर्म, स्तर, अवस्था, क्षमता सहित विविध विषेशता भएको मानव जाति समाज विना जीउन सक्दैन त्यस्तै चेपाङ्गहरु पनि यहि समाजको एक सदस्य भएकोले उस्को पनि आफ्नै समुदाय, जमात , समूह सहितको मौलिक समाज रहेको छ । अध्याय एकमा अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको औचित्य र अध्ययनको संगठन भित्र रहेको समाजको परिभाषा, समाजको उत्पति, महत्व, भूमिका, चेपाङ्ग जातिको उत्पति, बसोवास स्थल, संख्या, उनीहरुको धर्म, संस्कृति, जनजातिको परिभाषा, अन्य जनजातिहरुको नामावली, चेपाङ्ग जातिको सामाजिक अवस्थाहरु लगायत चेपाङ्गहरु नेपालमा कहाँबाट आए भन्ने विषयमा विभिन्न मानव शास्त्री तथा समाज शास्त्रीहरुले समय-समयमा विभिन्न धारणा अनुसन्धानहरु वाहिर ल्याएका छन् । नेपालमा दोलखा जिल्लाको सुनाथलीबाट पृथ्वीराजमार्ग, नारायणगढ मुग्लीङ राजमार्ग र चितवनको राप्ती उपत्यका निर्माणको क्रममा काम रोजगारी गर्न क्रमशः चितवन, मकवानपुर, धादिङ र गोर्खा जिल्ला आई बसोवास गर्न

थालेको इतिहासबाट जानकारी पाइन्छ । हाल रौतहट, बारा, पर्सा, काठमाडौ, नवलपरासी, कास्की लगायत विभिन्न जिल्लाहरुमा छरिएर बस्न थालेका छन् । अध्याय २ मा पूर्व साहित्यिक समीक्षा, पूर्व अध्ययनको पुनरावलोकन, चलन, चल्तीका परिभाषा, अवधाराणाहरुको मापन लगायत विभिन्न विद्धानहरुको अध्ययन र विश्लेषणवाट चेपाङ्गहरुको चेपाङ्ग सम्बन्धी विभिन्न लेख, किम्वदन्तीहरु वाहिर आएका छन् । अध्ययन ३ मा अनुसन्धान ढाँचा, अध्ययन क्षेत्रको छनौट र त्यसको औचित्य, तथ्याङ्कको प्रकृति र स्रोत, अध्ययनको समग्रता र नमूना छनौट, तथ्याङ्क संकलन विधिहरु, अर्न्तवार्ता अनुसूची, अवलोकन, विश्वशनीयता, वैद्यता, सम्पादन र प्रस्तुतीकरण तथा अध्ययनको सिमितता समेटिएको छ । अध्ययन ४ मा मकवानपुर जिल्लाको संक्षिप्त जानकारी, वडागत जनसंख्या वितरण, भाषा र जातिगत जनसंख्या वितरण, लैङ्गिक, धार्मिक, आर्थिक, र विविध पक्षहरु उल्लेख गरिएको छ । अध्याय ५ मा शैक्षिक विकास सामुदायिक पहुँचको अवस्था अर्न्तगत मकवानपुर जिल्लाको हाँडिखोला गा.वि.समा रहेका चेपाङ्गहरुको सम्पूर्ण अध्ययनबाट अन्य चेपाङ्गहरुको पनि अवस्था, स्तर, वस्तुस्थितिको प्रतिनिधित्व हुने विश्वासका साथ यो सोध पत्र तयार गरिएको हो । २०५८ सालको जनगणनामा कुल ५२२३७ संख्यामा रहेको चेपाङ्गहरु मध्ये हाँडिखोला गा.वि.स. २८९ घरधुरीको १८५३ संख्यामा स्थायी बसोवास गरिरहेको अध्ययनबाट देखिएको छ । चेपाङ्गहरु प्रायः डाँडा, काडा, भिर, पाखा,  पखेरा, खोल्सा छेउ जंगलमा बसोवास गर्दछन् । सम्पूर्ण चेपाङ्गहरु कृषि पेशामा सम्लग्न रहेको यर्थाथता अध्ययनबाट पत्ता लागेको छ । आधारभूत सेवा सुविधावाट वञ्चित हाँडिखोलाका चेपाङ्गको अध्ययनबाट गरिवी, विपन्नता, अशिक्षा, वेरोजगारी, भूमि विहीन, चाडपर्वमा फजुल खर्च, राजनैतिक, सामाजिक, शैक्षिक चेतनाको कमी र सोषण आदिको कारणले पछाडी परेको देखिन्छ । ९६४ पुरुष र ८८९ महिला भएको गा.वि.स. मा शैक्षिक अवस्था र सामुदायिक पहुँच विषय संगै अन्य क्षेत्रहरुको पनि अध्ययन विश्लेषण गर्ने क्रममा जनसाँख्यिक अवस्था, जिल्ला र गा.वि.स.को संक्षिप्त परिचय, वडागत, उमेरगत, जनसंख्या, जातिगत,भाषागत विवरण, आर्थिक ,लैङ्गिक, साँस्कृतिक, राजनैतिक, सामाजिक, शैक्षिक अवस्था, विद्यालय र बस्तिको अवस्था, चेपाङ्ग बाल बालिकाको पहुँच, घरमूली, पारिवारिक अवस्था, सेवा, सुविधाको उपयोग सहित विभिन्न क्षेत्रहरुको सुक्ष्म अध्ययन गरिएको छ । सबै भन्दा बढि वडा नं. ७ मा १०३ घरधुरीमा ८३५ संख्यामा र सबै भन्दा कम वडा नं. ८मा ७ घरधुरीमा ३९ संख्यामा रहेको छ । ५ वर्ष मुनी, ५ देखि १६ वर्ष, १६ देखि ५९ वर्ष र ६० वर्ष भन्दा माथि उमेर छुट्टयाई अध्ययन गर्दा १६ देखि ५९ वर्षको ८७५ संख्या बढि र ६० वर्ष माथिको ७९ संख्यामा सबै भन्दा कम रहेको पाइयो । सामाजिक सहभागिता, सहकारी ,विद्यालय, आमा समूह, वाल किशोरी क्लव र अन्य संघ संस्थामा गरी २८ महिला र ५२ पुरुषले सकृयरुपमा सामाजिक योगदान सेवा गरी रहेको पाइएको छ । ४.३१% चेपाङ्ग सामाजिक क्षेत्रमा र १.६७% चेपाङ्गहरु राजनैतिक क्षेत्रमा लागि परेको देखिएको छ । सबै भन्दा बढि वडा नं. ३ का

चेपाङ्गहरु हरेक क्षेत्रमा अगाडि रहेको पाइएको छ । शैक्षिक अवस्था र पहुँच बारेमा अध्ययन विश्लेषण गर्ने क्रममा प्रा.वि.,नि.मा.वि. मा.वि. , प्रमाणपत्र तह, स्नातक तह, समग्र साक्षरता स्थितिको तथ्याङ्क प्रस्तुत गरिएको छ । ९६४ पुरुष मध्ये ३५४ जना अर्थात ३६.७२% साक्षर र ६१० जना अर्थात ६३.२७% निरक्षर रहेकाछन् ८८९ महिला मध्ये १५५ जना अर्थात १७.४३% साक्षर र ७३४ तथा ८२.४७% निरक्षर रहेको तथ्याङ्क छ । १५ वटा सामुदायिक विद्यालय, दुई वटा बोर्डिङ र २ वटा वालविकास केन्द्र स्थापना भई शिक्षा बाडिरहेको छ । चेपाङ्ग बस्तिबाट विद्यालय जान १५ मिनेट देखि २ घण्टासम्म लाग्ने अवस्था छ । अध्याय ६ मा साराँस, निष्कर्ष, सुझाव अर्न्तगत चेपाङ्गहरुको चाडपर्व, विवाह, जन्ममृत्यु, संस्कार, खेतिपाती, पेशा, संचार, रोजगारी, धर्म, संख्या, शैक्षिक अवस्था, समाजसँगको सम्बन्ध लगायत विविध पक्षको अध्ययन विश्लेष गर्दा चेपाङ्गहरु चेपाङ्गहरु परम्परागत सोच र धारणावाट ग्रसीत रहेको, आधुनिक विकासवाट टाढा रहेको, पत्र पत्रिका, संचार, सूचनाबाट छायाँमा परेको, शैक्षिक, राजनैतिक, सामाजिक, चेतना, सहभागितावाट विमुख रहेको, गरिबी, विपन्नता, चाडपर्वमा फजुल खर्च गर्ने बानी, वेरोजगारी, आधारभूत सिपको कमी, धेरै सन्तान जन्माउने भिर पाखा पखेराको बसोवास, भूमिहीन अवस्था, उब्जाउ जग्गाको कमी, सानै उमेर विवाह गर्ने संस्कार, समाजका हुनेखाने सम्पन्नहरुबाट भएको विभेद, सोषण, तल्लो स्तरको व्यवहार र चेपाङ्गहरुको आफ्नै जाँड, रक्सी, चुरोट, विडी सेवन गर्ने तथा परिश्रम गर्न पछि हट्ने बानी, सरकारवाट लागु गरिएको प्रजा विकास कार्यक्रमको प्रभावकारीताको कमी र राज्य सरकार स्थानीय निकायले चेपाङ्गहरुको शशक्तीकरणमा प्राथमिकता दिएर कार्य नगर्ने र भोट बैंकको रुपमा प्रयोग गर्ने, राजनैतिक दलहरुको कारणले शैक्षिक अवस्था लगायत सबै क्षेत्र पछाडी परेको निष्कर्ष निकाल्न सकिन्छ र अन्य क्षेत्रसंगको पहुँचबाट टाँढा भएको अध्ययनबाट प्रष्ट भएको छ । यी सबै समस्याहरुलाई समाधान गर्नको लागि शैक्षिक अवस्थालाई तत्कालै सुधार र विस्तार गर्नु पर्ने टड्कारो आवश्यकता रहेको छ । बालबालिकाहरुलाई अनिवार्य विद्यालय पठाउनको लागि वातावरण सिर्जना गर्नुपर्ने देखिन्छ । शिक्षाको उज्यालो घामबाट वञ्चित नगराई सबै चेपाङ्ग जातिको वालवालिकाहरुलाई शिक्षाको मुल प्रवाहमा समाहित गर्न सरोकारवालाहरुबाट पहल गर्न जरुरी भइसकेको छ । शिक्षाको विकास विना अन्य क्षेत्रको विकास सम्भव छैन । शिक्षाले नै सबै क्षेत्र, वर्गको विकास, विस्तार, संरक्षण, प्रगति, उन्नति, उत्थान गर्न सहयोग पुऱ्याउदछ । उत्तरदाताहरु संगको छलफल, अर्न्तकृया, भेटघाट र प्रश्नउत्तरबाट यो समस्याहरु पहिचान भएको कारणले चेपाङ्गहरुमा आयआर्जनका सिपका कार्यक्रमहरु ल्याई स्वावलम्बी बनाउन पर्दछ । स्थायी र सुरक्षित वासस्थानको व्यवस्था गरि जग्गा जमिनको मालिक बनाउन तिर ध्यान जानु जरुरीछ । चेपाङ्गहरु आफैमा भएको जाँड, रक्सी, चुरोट, सुर्ति सेवन र धेरै सन्तान जन्माउने प्रवृती परम्पराको अन्त्य गर्न चेतना मूलक कार्यक्रमहरु ल्याउनु पर्ने

देखिन्छ । राज्य सरकार स्थानीय निकायले चेपाङ्गहरुलाई प्राथमिकता राखि विविध कार्यक्रमहरु लागु गर्नुपर्ने देखिन्छ । आधारभूत विकासको अवसर चेपाङ्ग बस्तिमा पुऱ्याउनु पर्दछ । रोजगारी लगायत शिक्षा विकासको क्षेत्रमा आरक्षणको व्यवस्था हुनुपर्दछ । छात्रवृति, पोषाक, खाजा, शैक्षिक सामग्रीको व्यवस्था विद्यालयमा गरिनुपर्दछ । प्रजा विकास कार्यक्रम चेपाङ्गहरुको रुची, चाहना भिन्नता, लिङ्ग, अनुसार कार्यन्वयन गरी चेपाङ्गहरुकै सहभागितामा अगाडि बढाउनु पर्दछ । भोट बैंक रुपमा प्रयोग गर्ने प्रवृति हटाई आवश्यकता अनुसार चेपाङ्ग बस्तिमा विद्यालयको व्यवस्था हुनु पर्दछ । शिक्षा तर्फ आर्कषित गर्न विभिन्न कार्यक्रमहरु ल्याउनु पर्दछ , समाज र सुमुदायको आवश्यकता, महत्व, लक्ष्य, उद्देश्य प्रष्ट पार्न सक्नु पर्दछ । सामाजिक क्षेत्रमा लगाउन प्रोत्साहित गराउनु पर्दछ । साँस्कृतिक, धार्मिक क्षेत्रमा भएका गलत प्रवृति हटाई रुपान्तरण र परिर्वतनमा अग्रसर गराउन सबै मिलेर सहयोग गर्नु पर्दछ । तल्लो स्तरको ठानी घृणीत व्यवहार गर्ने समाजका हुनेखाने सम्पन्नहरुको सोच, धारणा परिवर्तन ल्याउन पर्दछ । अधिकार मात्र खोज्ने र कर्तव्य निर्वाह नगर्ने चेपाङ्गहरुको सोचमा परिर्वतन ल्याई सक्षम, दक्ष, शिक्षित, वन्नको लागि उत्साहित गराउनु पर्दछ । यसो गर्न सके चेपाङ्गहरुको जीवन स्तर उकास्न सकिन्छ । शैक्षिक अवस्था स्तर बढाउन सकिन्छ , समाज र समुदायसंगको सम्बन्ध गाँढा बनाई, सहयोग, समन्वय, सहकार्यको भावना जगाई समुन्नत चेपाङ्ग जाति बनाउन सकिन्छ । गरिवी विपन्नता हटाई अन्य जाति जस्तै सम्पन्न र आर्य स्तर वृद्दि गराउन सकिन्छ । समग्र चेपाङ्गहरुको शैक्षिक, राजनैतिक, सामाजिक, आर्थिक, साँस्कृतिक, नैतिक लगायत विविध पक्षको विकास हित, उन्नति, प्रगति, उत्थान र संरक्षण तथा शशक्तीकरण गर्न सकिनेमा दुईमत छैन ।

**वसन्त कुमार सिटौला**

# विषय सूची

सिफारिस पत्र
स्वीकृत पत्र
भाषा सम्पादन पत्र
कृतज्ञता
विषय सूची
तालिका सूची
अध्ययनको सारसङ्क्षेप

अध्याय - एक

परिचय

| | |
|---|---|
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ८ |
| १.३ अध्ययनको उद्देश्य | १० |
| १.४ अध्ययनको औचित्य | १० |
| १.५ अध्ययनको सङ्गठन | ११ |

अध्याय - दुई

साहित्यिक सिहावलोकन

| | |
|---|---|
| २.१ पूर्व साहित्यिक समीक्षा | १२ |
| २.२ पूर्व अध्ययनको पुनरावलोकन | १४ |
| २.३ चलनचल्तीका परिभाषा र छनौट भएका अवधारणाको मापन | १७ |

अध्याय - तिन

अनुसन्धान विधि

| | |
|---|---|
| ३.१ अनुसन्धान ढाँचा | १८ |
| ३.२ अध्ययन क्षेत्रको छनौट र त्यसको औचित्य | १८ |
| ३.३ तथ्याङ्कको प्रकृति र स्रोत | १९ |
| क) प्राथमिक तथ्याङ्क | १९ |
| ख) द्वितीय तथ्याङ्क | १९ |
| ३.४ अध्ययनको समग्रता र नमूना छनौट | २० |
| ३.५ तथ्याङ्क सङ्कलन विधिहरू | २० |

३.५.१ अन्र्तवार्ता अनुसूची २०
३.५.२ जानकार अन्तरवार्ता २०
३.५.३ अवलोकन २०
३.६ तथ्याङ्कको विश्वसनीयता र वैधता २१
३.७ तथ्याङ्कको विश्लेषण प्रक्रिया २१
३.८ अध्ययनको सीमितता २१

## अध्याय - ४

## अध्ययन क्षेत्रको परिचय

४.१ मकवानपुर जिल्लाको सङ्क्षिप्त परिचय २३
४.२ अध्ययन क्षेत्रको परिचय २५
४.३ अध्ययन क्षेत्रको सामाजिक र जनसाङ्ख्यिक अवस्था २५
४.३.१ वडागत जनसङ्ख्या विवरण २६
४.३.२ जातिगत जनसङ्ख्या र भाषागत विवरण २७
४.३.३ धार्मिक अवस्था २७
४.३.४ चाडपर्वहरू २८
४.३.५ लैङ्गिक अवस्था २८
४.४ **अध्ययन क्षेत्रको आर्थिक अवस्था** २८
४.४.१ भूस्वामित्वको अवस्था २८
४.४.२ पेसाको अवस्था २९
४.४.३ उद्योगको अवस्था २९
४.४.४ संरचनाको अवस्था २९
४.४.५ यातायात २९

## अध्याय - ५

## शैक्षिक विकास र सामुदायिक पहुँचको अवस्था

**५.१ सामाजिक तथा जनसाङ्ख्यिकीय अवस्था** ३०
५.१.१ चेपाङ जातिको विवरण ३०
५.१.२ उमेर ३१
५.२ सामाजिक अवस्था ३२
**५.३ शैक्षिक अवस्था** **३३**
५.३.१ विद्यालयको अवस्था ३५
५.३.२ साक्षरता अवस्था ३६

५.३.३ विद्यालय र बस्तीबाट दूरी ३८
**५.४ साँस्कृतिक अवस्था ४३**
५.४.१ पोसाक, भेषभुषा ४३
५.४.२ भाषा ४३
५.४.३ चाड पर्वहरू ४४
५.४.४ विवाह संस्कार ४४
(क) मागी विवाह ४५
(ख) जारी विवाह ४५
(ग) बहुविवाह/अनमेल विवाह/बाल विवाह ४५
(घ) विधवा विवाह/एकल विवाह ४६
(ङ) प्रेम विवाह/भागी विवाह ४६
**५.५ जन्म मृत्यु, संस्कार ४६**
**५.६ आर्थिक अवस्था ४७**
५.६.१ पेसा ४७
५.६.२ खेतीपातीको अवस्था ४८
**५.७ धार्मिक अवस्था ४८**
**५.८ विविध ४९**
५.८.१ घरमुली ४९
५.८.२ परिवारको प्रकार ५०
५.८.३ सञ्चार, साधन ५०

## अध्याय - ६
## सारांश , निष्कर्ष, सुझाव

**६.१ सारांस ५२**
**६.२ निष्कर्ष ५६**
**६.३ सुझाव ५८**
**सन्दर्भ सामाग्रीहरू**
**परिशिष्टहरू**
**अनुसूचीहरू**

# तालिका सूची


| तालिका नं | तालिकाको विषय | पेज नं. |
| --- | --- | --- |
| १ | हाँडीखोला गाविसको वडागत जनसङ्ख्या | २६ |
| २ | हा‘‘डीखोला गाविसमा रहेका जातिगत जनसङ्ख्या र भाषागत विवरण विवरण | २७ |
| ३ | हाँडीखोला गा.वि.स.को चेपाङ जातिको वितरण | ३० |
| ४ | हाँडीखोला गा.वि.स.को चेपाङहरुको उमेरगत जनसङ्ख्या वितरण | ३१ |
| ५ | सङ्घ संस्थामा संलग्नताको आधारमा उत्तरदाताको वितरण | ३२ |
| ६ | चेपाङहरुको शैक्षिक अवस्थाको आधारमा वडागत वितरण | ३४ |
| ८ | विद्यालयमा चेपाङ विद्यार्थीहरुको वितरण | ३५ |
| ९ | साक्षरताको आधारमा जनसङ्ख्या र वडागत वितरण | ३६ |
| १० | गा.वि.स.मा विद्यालय र वस्तीसङ्ग पहु‘‘चको समय | ३९ |
| ११ | मातृभाषाको आधारमा चेपाङको जनसङ्ख्या वितरण | ४३ |
| १२ | खेतीपातीबाट खान पुग्ने अवधिको आधारमा घरधुरीको वितरण | ४८ |
| १३ | धर्मको आधारमा उत्तरदाताको वितरण | ४९ |
| १४ | घरधुरी र लिङ्गको आधारमा उत्तरदाताको वितरण | ४९ |
| १५ | परिवारको प्रकारको आधारमा उत्तरदाताको वितरण | ५० |
| १६ | सञ्चार साधन आयोगको आधारमा जनसङ्ख्याको वितरण | ५१ |